# सहिदभूमि राजपत्र

**सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड-२, सङ्ख्या-२ सहिदभूमि राजपत्र, मिति : २०७६/१२/०६

**भाग-२**


सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

# विपन्नसंग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**स्वीकृत मिति : २०७६/१२/०६**

## प्रस्तावना :

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (त्र)** ले दिएको अधिकार प्रयोग गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम तथा विपन्नसंग अध्यक्ष कार्यक्रम विपन्न जनता र समुदायलाई आर्थिक, सामाजिक तथा भौतिक रुपमा अभिवृद्धि गर्न साथै कार्यक्रमलाई विश्वसनीय,प्रभावकारी, पारदर्शी, जवाफदेही एवं कार्यान्वयन योग्य बनाउन वान्छनीय भएकोले, सहिदभूमि गाउँ कार्यपालिकाले **विपन्नसंग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६** जारी गरेको छ ।

## प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्रारम्भ :

(क) यस निर्देशिकाको नाम " **विपन्नसंग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्तै लागु हुने छ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले सहिदभुमि गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(च) "वडा" भन्नाले सहिदभुमि गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ज) "कार्यक्रम/आयोजना" भन्नाले विपन्नसंग अध्यक्ष कार्यक्रम अर्न्तगत संचालित कार्यक्रम/आयोजनालाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

३. कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समिति : (१) यस कार्यविधि बमोजिम कार्यक्रम छनौट, संचालन, व्यवस्थापन तथा अनुगमन समेत गर्न देहाय बमोजिमको एक कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य सचिव |

४. समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ ।

(२) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (२) बमोजिम बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्य सचिवले सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) कुनै सदस्यको अनुपस्थितिको कारणले मात्र समितिको बैठकको काम कारवाहीमा बाधा पुग्ने छैन ।

(५) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ । यसरी सर्वसम्मति हुन नसकेमा संयोजकको मत निर्णायक हुनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पालिकाको वार्षिक विकास कार्यक्रम संकलन तथा विश्लेषण गर्ने ।
(ख) कार्यक्रम अर्न्तगत संचालन हुने आयोजना छनौटका मापदण्ड तथा कार्यान्वयन विधिहरु तयार गर्ने ।
(घ) छनौट भएका कार्यक्रम तथा आयोजनाको स्वीकृति प्रदान गर्ने,
(ङ) समितिबाट स्वीकृत भएका कार्यक्रम तथा आयोजना तोकिएको मापदण्ड तथा विधि बमोजिम कार्यान्वयन गर्ने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको हुने ,
(च) कार्यक्रम तथा आयोजना अर्न्तगत कार्यान्वयन हुने आयोजनाहरुको अनुगमन गर्ने,
(छ) कार्यक्रम तथा आयोजना संचालनमा आउने बाधा अड्चन समाधान गर्न पहल गर्ने ,

६. आयोजना/कार्यक्रमको किसिम : (१) यस नियमावली बमोजिम देहायका सार्वजनिक उपयोगसंग सम्बन्धित आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना तथा कार्यक्रमहरु संचालन गरिनेछ :

**आर्थिक विकास तर्फ**

(क) कृषकहरूको क्षमता सुधारका लागि तालीम कार्यक्रम,
(ख) प्राङ्गारिक खेतीलाई प्रोत्साहन कार्यक्रम,
(ग) स्थानीय हाटबजारलाई कृषि बजारको रुपमा स्थापित गर्ने,
(घ) कृषि सामाग्री तथा बिऊबिजन अनुदानमा वितरण,
(ङ) गाउँपालिका क्षेत्रमा संचालित साना तथा घरेलु उद्योगहरुलाई आवश्यक सीप र प्रविधिमा अनुदान कार्यक्रम,
(च) आयआर्जन अभिवृद्धिका लागि सीपमूलक तालिम तथा अनुदान कार्यक्रम

**सामाजिक विकास तर्फ**

(क) अपांगता तथा बालमैत्री भौतिक पूर्वाधार निर्माण,
(ख) शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रविधि मैत्री बनाउने कार्यक्रम,
(ग) विपन्न तथा जेहेन्दार छात्र तथा छात्राहरुलाइ शैक्षिक सहायक सामाग्री वितरण,
(घ) खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाइनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग कार्यक्रम,
(ङ) लोपोन्मुख भाषा, धर्म, सस्कृतिको संरक्षण तथा पूर्वाधार निर्माण कार्यक्रम,

**भौतिक पूर्वाधार तर्फ**

(क) खानेपानी तथा सरसफाई,
(ख) नविकरणीय ऊर्जा तथा विद्युतिकरण सम्बन्धी कार्यक्रम,
(ग) ऐतिहासिक, सास्कृतिक स्थलको संरक्षण तथा मर्मतसम्भार,
(घ) विपन्न, भूमिहीन तथा अपांगता भएका नागरिकहरुको आवास निर्माण
(ङ) गैरनाफामूलक संघ संस्थाहरुको सामुदायिक संरचना तथा पूर्वाधार निर्माण
(च) आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने सम्बन्धी अन्य आयोजना ।

७. आयोजना छनौट : समितिले दफा ६ बमोजिम प्रस्ताव भएका आयोजना/कार्यक्रमहरु मध्येबाट यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजना/कार्यक्रम छनौट गर्नुपर्नेछ ।

८. कार्यक्रमको रकम निकासा तथा खर्च प्रकृया : (१) विपन्नसंग अध्यक्ष कार्यक्रमको अनुदान रकम दफा ३ बमोजिमको समितिले दफा ६ बमोजिम छनौट गरेका कार्यक्रम/आयोजनाहरुमा मात्र खर्च गर्नुपर्नेछ ।

(२) यस कार्यक्रमको लागि गाउँसभाबाट विपन्नसंग अध्यक्ष कार्यक्रमका लागि विनियोजित बजेटबाट खर्च गरिनेछ ।

(३) कार्यक्रममा रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही खर्च गर्नुपर्नेछ ।

(४) कार्यक्रमबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण हुनेछ ।

९. वडा कार्यालयहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विपन्नसंग अध्यक्ष कार्यक्रम कार्यविधि बमोजिम कार्यक्रम/आयोजना पहिचान र छनौटका लागि आवश्यक सहयोग प्रदान गर्ने,

(ख) छनौट भएका वडास्तरका कार्यक्रम/आयोजनाहरुको आवश्यकता अनुसार सम्झौताका लागि गाउँपालिकामा सिफारिस गर्ने,

(ग) कार्यक्रम/आयोजना कार्यान्वयनको क्रममा गाउँपालिकाबाट खटिने प्राविधिकहरुलाई आवश्यक सहयोग प्रदान गर्ने,

(घ) वडास्तरमा सम्पन्न भएका कार्यक्रम/आयोजनाहरुको कार्य सम्पन्न भएको सिफारिस उपलव्ध गराउने,

(ङ) छनौट भएका कार्यक्रम/आयोजना कार्य समयमै सम्पन्न गर्नको लागि आवश्यक सहयोग तथा समन्वय गर्ने ।

१०. अनुगमन तथा प्रतिवेदन : (१) कार्यक्रमबाट संचालित हुने कार्यक्रम/आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए/नभएको सम्बन्धमा कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समितिले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

(२) कार्यक्रमबाट संचालित विभिन्न कार्यक्रम/आयोजनाहरु उपाध्यक्षको नेतृत्वमा रहेको अनुगमन समितिले अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कार्यक्रम/आयोजना सम्पन्न भएपछिको अनुगमन सहितको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकिय अधिकृतले विनियोजित बजेट भुक्तानी दिनुपर्नेछ ।

११. कन्टिन्जेन्सी खर्चको व्यवस्था : (क) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न गाउँपालिकाले भौतिक पूर्वाधार आयोजनाहरुतर्फ मात्र पाँच प्रतिशत सम्म रकम कन्टिन्जेन्सी खर्च वापत छुट्याउन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम कन्टिन्जेन्सी खर्चको बाडँफाँड गर्दा कार्यक्रम संचालन, समितिको बैठक संचालन, लागत अनुमान, मूल्यांकन र अनुगमन, सुपरिवेक्षण, समिक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिनेछ ।

१२. निर्देशन पालन गर्नुपर्ने : कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सबै सरोकारवालाहरुले पालना गर्नुपर्नेछ ।

१३. विवादको समाधान : कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

१४. कारवाही हुने : कार्यक्रम/आयोजनाबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१५. बाधा अड्काउ फुकाउने : यो कार्यविधि अनुसार कार्यक्रम/आयोजना संचालन गर्दा कुनै बाधा/अवरोध आईपरेमा गाउँ कार्यपालिका वा कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समितिले बाधा/अवरोध फुकाउन सक्नेछ ।

आज्ञाले :
राज कुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत